सम्वत २०७७ सालको कार्यविधि नं ०९

# राजश्व परामर्श समिति (कार्य संचालन) कार्यविधि, २०७७

भगवतीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दैलेख जिल्ला

कर्णाली प्रदेश, नेपाल

# भगवतीमाई गाउँपालिका

# राजश्व परामर्श समिति (कार्य संचालन) कार्यविधि, २०७७

दस्तखतः ..................................

प्रमाणिकरण गर्नेको नामः बखतबहादुर खड्का

पदः प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७७/१२/१९

**भगवतीमाई गाउँपालिका राजश्व परामर्श समिति (कार्य सञ्चालन) कार्यविधि, २०७७**

**प्रमाणिकरण मिति :२०७७/१२/१९**

**राजपत्रमा प्रकाशित मिति :२०७७/१२/१९**

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरी समितिको भूमिकालाई प्रभावकारी र परिणाममुखी बनाउन वाञ्छनीय भएकोले,

भगवतीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "भगवतीमाई गाउँपालिका राजश्व परामर्श समिति (कार्य संचालन) कार्यविधि, २०७७" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले भगवतीमाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले ऐनको दफा ६५ बमोजिम गठन भएको भगवतीमाई गाउँपालिकाको राजश्व समितिलाई सम्झनु पर्दछ ।

(घ) "संयोजक" भन्नाले भगवतीमाई गाउँपालिकाको राजश्व समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(च) "सदस्य सचिव" भन्नाले समितिका सदस्य सचिवलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## राजश्व परामर्श समितिको कार्यक्षेत्र

**३. समितिको कार्यक्षेत्रः** (१) समितिको कार्य क्षेत्र ऐनको दफा ६५ को उपदफा (२) मा उल्लेखित कामका अतिरिक्त देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा गाउँपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजश्वको श्रोत, दायरा र दर समेतको बिश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने,

(ग) राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको बिश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग, व्यवसाय प्रर्वद्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा गाउँपालिकालाई परामर्श दिने,

(ङ) कर राजश्व तथा गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा गाउँपालिकालाई परामर्श दिने,

(च) गाउँपालिकाको राजश्व प्रशासन सुधारका लागि अन्य परामर्श दिने,

(छ) गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धि तथा सुधारको लागि राजश्वका आधार, दर, दायरा, राजश्व आधारहरुको मूल्यांकन, राजश्व सम्बन्धी संरचना, जनशक्ति, क्षमता बिकास, प्रविधि उपयोग, नियमित अनुगमन, राजश्व परिचालनको अवस्थाको आवधिक समिक्षा, मूल्यांकनको आधारमा गाउँ कार्यपालिकालाई नीतिगत तथा कार्यगत पृष्ठपोषण सहित सुझाव दिने,

(ज) गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धि तथा सुधारका लागि राजश्व सुधार कार्ययोजना तर्जुमा, कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, राजश्व परिचालनलाई प्रभावकारी र लाभ लागतको बिश्लेषणको आधारमा वाह्य प्राविधिक तथा व्यवस्थापकीय सेवालिने सम्बन्धी नीतिगत र प्रवन्धकीय व्यवस्थापनका लागि गाउँपालिकालाई पृष्ठपोषण सहित राय सुझाव दिने,

(झ) गाउँपालिकाले तोके बमोजिम अन्य काम ।

## परिच्छेदः ३
## समितिका पदाधिकारीहरुको काम, कर्तव्य र जिम्मेवारी

४. **संयोजकको काम, कर्तव्य र जिम्मेवारीः** (१) राजश्व परामर्श समितिको संयोजकको मुख्य भुमिका देहाय अनुसार हुनेछ ।

(क) समितिको बैंठकको अध्यक्षता गर्ने,

(ख) गाउँपालिकालाई राजश्व परिचालनका सम्बन्धमा अध्यक्ष र कार्यपालिकासँग आवश्यक परामर्श गर्ने,

(ग) समितिको बैंठकको मिति तथा समय तोक्ने,

(घ) बैठकको सम्भावित कार्यसूची तय गर्ने,

(ङ) राजश्वसँग सम्बन्धित निकाय वा व्यक्तिहरुसँग आवश्यक समन्व्य गर्ने,

(च) समितिको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण कार्यहरुको प्रभावकारी कार्यसम्पादनको लागि नेतृत्व प्रदान गर्ने,

(छ) अध्यक्ष, कार्यपालिका वा समितिले तोकेका अन्य कार्य गर्ने ।

**५. सदस्यहरुको काम, कर्तव्य र जिम्मेवारीः** (१)समितिका सदस्यहरुको मुख्य भुमिका देहाय अनुसार हुनेछ ।

(क) संयोजकले बोलाएको बैंठकमा उपस्थित भै गाउपालिकाको राजश्व क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा सुझाव तथा धारणा राख्ने,

(ख) समितिमा आफुले प्रतिनिधित्व गरेको क्षेत्रबाट गाउँपालिकाले राजश्व क्षेत्रमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रममा आवश्यक सुझाव दिने,

(ग) स्वीकृत राजश्वका दर र दायरा बमोजिम कर संकलनको लागि आवश्यक सहजिकरण गर्ने,

(घ) समितिले तोकेका अन्य कार्य गर्ने ।

**६. सदस्य सचिवको काम, कर्तव्य र जिम्मेवारीः** (१) राजश्व परामर्श समितिको सदस्य सचिवको मुख्य भुमिका देहाय अनुसार हुनेछ ।

(क) समितिको सचिव भई सचिवालय सञ्चालन सम्बन्धी आवश्यक जिम्मेवारी निर्वाह गर्ने,

(ख) संयोजकसँग समन्वय गरी बैठकको कार्यसूची तयार गर्ने, प्रस्ताव तयार गर्ने र सदस्यहरुलाई पत्राचार गर्ने,

(ग) राजश्वसँग सम्बन्धित विषयहरुमा आवश्यक सूचना तथा तथ्याँकहरुको संकलन, विश्लेषण गरी समितिको बैठकमा पेश गर्ने,

(घ) गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार पार्ने काममा सहजिकरण गर्ने,

(ङ) गाउपालिकाको राजश्व सुधार कार्ययोजना बमोजिम आगामी आ.व.को लागि राजश्वका आधार, दर र दायरा, मूल्यांकन जस्ता पक्षहरुको विश्लेषण गरी कार्यपालिकालाई आर्थिक विधेयक तयार पार्न सहयोग गर्ने,

(च) समितिको वार्षिक प्रतिवेदन तयार गर्ने,

(छ) राजश्व प्रशासन सुधारका लागि कार्यक्रमहरु तर्जुमा गरी समितिको वैठकमा प्रस्तुत गर्ने,

(ज) समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद४

## समितिको बैंठक समय तालिका, सम्भावित कार्यसूची तथा बैठक सम्बन्धी कार्यविधि

**७. समितिको बैठक :** (१) सामान्यतया समितिको नियमित वैठक एक आर्थिक बर्षमा न्युनतम ४ पटक वस्नेछ, तर समितिले आवश्यक ठानेमा सो भन्दा वढि पटक वैठक वस्न वाधा पर्ने छैन । बैंठक संख्या र समय तालिका देहाय अनुसार हुनेछ ।

| वैठक संख्या | बैंठकको सम्भावित समय तालिका | बैंठकको सम्भावित कार्यसूची |
|---|---|---|
| पहिलो वैठक | श्रावण मसान्त भित्र | कार्यविधिको दफा ८ मा उल्लेख भए बमोजिम |

| | | |
|---|---|---|
| दोश्रो वैठक | पौष १५ भित्र | कार्यविधिको दफा ९ मा उल्लेख भए बमोजिम |
| तेस्रो वैठक | वैसाख मसान्त भित्र | कार्यविधिको दफा १० मा उल्लेख भए बमोजिम |
| चौथो वैठक | आषाढ ५ गते भित्र | कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिम |

८. **पहिलो बैठक र सम्भावित कार्यसूची :** (१) नयाँ आर्थिक वर्ष सुरु भएपछि समितिको पहिलो वैठक बस्नेछ, पहिलो बैठकको सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आर्थिक वर्षको लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा वजेट मध्ये राजश्व संकलन तर्फको नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको कार्यतालिका बनाउने,

(ख) राजश्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापकीय प्रबन्ध जस्तै राजश्व शाखाको संस्थागत क्षमता बिश्लेषणको आधारमा संरचनागत सुधार, मानवीय तथा प्रविधिगत क्षमता बिकास कार्ययोजना र लागत अनुमान तयार गरी कार्यान्वयनका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) चालु आर्थिक वर्षको लागि स्वीकृत बार्षिक राजश्व लक्ष्यलाई चौमासिक रुमा बिभाजन गरी चौमासिक लक्ष्य निर्धारण गर्ने, राजश्व प्रशासनमा संलग्न कर्मचारीहरुका लागि प्रोत्साहन कार्यक्रम तयार गरी स्विकृतीका लागि गाउ कार्यपालिकामा पेश गर्ने,

(घ) चालु आर्थिक वषको स्वीकृत राजश्व नीति तथा कार्यक्रम अन्तर्गत करदाता शिक्षा कार्यक्रमहरुको चौमासिक कार्यतालिका तयार गर्ने,

(ङ) स्वीकृत राजश्व नीति, लक्ष्य, कार्यक्रम, रणनीति  र सो को कार्यान्वयनको क्रममा चौमासिक रुपमा गरिने अनुगमन कार्ययोजना तर्जुमा गर्ने र राजश्वसंग सम्बन्धित संघ तथा प्रादेशिक कार्यालय निकायहरुसंग समन्वय गर्ने,

(च) राजश्व परामर्श समिति, शाखा र कर्मचारीको क्षमता अभिबृद्धि सम्बन्धी व्यवस्था,

(छ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

९. **समितिको दोश्रो बैठक र सम्भावित कार्यसूची :** (१)सदस्य सचिवले संयोजकको परामर्शमा दोस्रो बैठक बोलाउनु पर्नेछ । दोस्रो बैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आर्थिक वर्षको पहिलो ६ महिना अवधिको आन्तरिक तथा वाह्य राजश्व परिचालन सम्बन्धी अर्धवार्षिक समिक्षा,

(ख) राजश्व संकलनलाई प्रभाकारी बनाउन कर प्रशासनमा सुधार, कर शिक्षा कार्यक्रम संचालन, स्वयम् कर घोषणा कार्यलाई प्रोत्साहन जस्ता गतिविधिहरुको संचालन, अनुगमन, समन्वय र सहजिकरण,

(ग) आगामी आर्थिक वर्षका लागि राजश्व प्रक्षेपणका लागि आधार सूचकहरुको बिश्लेषण

(घ) आगामी आर्थिक वर्षको लागि गाउँपालिकाको आय अनुमान प्रक्षेपणको लागि आवश्यक आधारभूत सूचना तथ्यांक संकलन सम्बन्धमा,

(ङ) चालु आर्थिक वर्षको राजश्व नीति, कार्यक्रम तथा परियोजनाहरुको पृष्ठभूमीमा आगामी आ.व.को राजश्व प्रक्षेपणको प्रारम्भिक खाका तयारी

(च) आगामी आर्थिक वर्षको लागि राजश्व प्रक्षेपण सहितको राजश्व प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने,

(छ) चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा परिचालन भएको आन्तरिक तथा वाह्य आय समेतको आधारमा संशोधित अनुमान र आगामी आर्थिक वर्षको प्रारम्भिक अनुमान गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम श्रोत अनुमान तथा सीमा निर्धारण समितिमा पेश गर्ने,

(ज) आगामी आर्थिक वर्षको लागि आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्ती सम्बन्धी कार्यको योजना तर्जुमा,

(झ) आगामी आर्थिक वर्षमा राजश्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन, बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतीका लागि बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा पेश गर्ने,

(ञ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

**१०. समितिको तेस्रो बैठक र सम्भावित कार्यसूची :**(१)सदस्य सचिवले संयोजकको परामर्शमा तेस्रो वैठक वोलाउनु पर्नेछ । तेस्रो वैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको आन्तरिक राजश्व संकलनको समिक्षा र बाँकी अवधिमा उठ्न सक्ने रकमको अनुमानको आधारमा आगामी आ.व.को लागि गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय विवरण स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराउने,

(ख) आगामी आर्थिक वर्षको लागि आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्ती सम्बन्धी कार्यको योजना कार्यान्वयन,

(च) गाउँपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

**११. समितिको चौथो बैठक र सम्भावित कार्यसूची :**(१)सदस्य सचिवले संयोजकको परामर्शमा चौथो वैठक वोलाउनु पर्नेछ । चौथो वैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्मको आन्तरिक तथा वाह्य राजश्व परिचालनको अवस्थाको समिक्षा र बाँकी अवधिमा उठ्न सक्ने अनुमानको आधारमा आगामी आर्थिक वर्षमा परिचालन हुने कूल राजश्वको अन्तिम विवरण कार्यपालिकालाई उपलब्ध गराउने,

(ख) गाउँपालिकाको लागि राजश्व नीति, व्यवस्थापकीय प्रबन्ध, संस्थागत क्षमता विकास, संस्थागत क्षमता विकास कार्ययोजना र लागत अनुमानको अन्तिम प्रतिवेदन स्विकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ग) आगामी आर्थिक वर्षको आर्थिक विधेयकको तयारी गर्न सरोकारलवालाहरुसँग परामर्श गर्ने र मस्यौदा गरी कार्यपालिकालाई परामर्श दिने,

(घ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

**१२. समितको वैठक प्रणालीः**(१) समितिको वैठक संचालन प्रणाली देहाय बमोजिम हुनेछः

(क) समितिको वैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार वस्नेछ,

(ख) समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) समितिको वैठकमा आवश्यकता अनुसार बिषयबिज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ,

(घ) समितिको वैठकको निर्णय सर्वसम्मत प्रणालीबाट हुनेछ । यदी सर्वसम्मत हुन नसकेमा वहुमत प्रणालीबाट पारित गरिनेछ,

(च) समितिको वैठकको निर्णय समितिको संयोजकबाट प्रमाणित गरिनेछ ।

(छ) बैठकबाट भएको निर्णयमा कुनै विषयमा चित नबुझे निर्णयलाई निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो अभिमत जनाउन सक्नेछ ।

**परिच्छेद५**

**राजश्व अनुमान प्रक्षेपण र आवधिक समिक्षा**

**१३. राजश्व अनुमान प्रक्षेपणः** (१) समितिले प्रत्येक बर्षगाउँपालिकालाई प्राप्त कर तथा गैरकर राजश्व अधिकार क्षेत्र, स्विकृत दर, दायरा, करयोग्य सम्पत्ति, आम्दानी तथा वस्तु र सेवाको प्रचलित बजारमूल्य, गाउँपालिकाको राजश्व प्रशासन सयंन्त्र, जनशक्ति, प्रविधि क्षमता समेतको बिश्लेषणको आधारमा परिचालन हुन सक्ने कर तथा गैर राजश्व अनुमान अनुसूची १ बमोजिमका विधि अवलम्वन गरी अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी गाउँकार्यपालिका समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तुत गरिने राजश्व अनुमान प्रक्षेपण तयार गर्दा विगत ३ आ.व.को अनुमान र यथार्थ आयको समिक्षा, बिश्लेषणको आधारमा आगामी ३ आ.व.को लागि गरिएको अनुमान प्रक्षेपण, लक्ष्य, रणनीति र कार्यक्रम सहितको राजश्व सुधार कार्ययोजनालाई आधार मानी प्रक्षेपण गर्नु पर्नेछ ।

(३) समितिले आगामी आ.व.को लागि राजश्व अनुमान प्रक्षेपण प्रस्तुत गर्दा कर तथा गैरकर शिर्षक अन्तर्गतको आन्तरिक आय, वाह्य आयका साथै गाउँपालिकाले अवलम्बन गर्ने नीति, कार्यक्रम र आयोजना परियोजनाको लागि आवश्यक पर्ने श्रोत अनुमानको आधारमा न्युन हुने श्रोत परिचालनका

लागि आन्तरिक ऋण परिचालन वा निजी क्षेत्रको श्रोत परिचालन जस्ता वैकल्पिक बिधिहरुको संभाव्य श्रोत परिचालन सम्बन्धी खाका समेत सिफारिस गर्न सकिनेछ ।

**१४. आवधिक समिक्षाः** (१) समितिले प्रस्ताव गरेको राजश्व अनुमान प्रक्षेपण, सिफारिस गरिएको राजश्व नीति, कार्यक्रम र गाउँपालिकाले पारित गरेको राजश्व लक्ष्य, नीति, कार्यक्रम अनुसार राजश्व परिचालन भए नभएको सम्बन्धमा आवधिक समिक्षा गरी नीतिगत तथा व्यवस्थापकीय सुधार एवं निर्देशनको लागि कार्यापालिकालाई सुझाव दिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम कार्यपालिकालाई दिएको सुझाव कार्यान्वयन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ ।

**१५. उप-समिति वा कार्यदल गठन गर्न सकिनेः** (१)समितिले गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धिका लागि राजश्वसंग सम्बन्धित कुनै बिषय वा क्षेत्र सम्बन्धमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानेमा उपसमिति वा कार्यदल गठन गर्न सकिनेछ ।

(२) यसरी गठन हुने उपसमिति वा कार्यदलको कार्य विवरण, सेवा शर्त सुविधा सम्बन्धी व्यवस्था समितिको सिफारिसमा गाउ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद६

## विविध

**१६. आवधिक तथा बार्षिक प्रतिवेदनः** समितिले आफनो कार्य सम्पादन सम्बन्धी चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसुचि २ बमोजिमको ढाँचामा तयार गरी गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ ।

**१७. अधिकार प्रत्यायोजनः** समिति तथा समितिको संयोजकले आफुलाई प्राप्त अधिकार सदस्य वा अन्य पदाधिकारीमा प्रत्यायोजन गर्न सक्नेछ ।

**१८.वैठक भत्ताः** समितिका पदाधिकारीहरुले कार्यपालिकाले तोके बमोजिमको वैठक भत्ता पाउनेछन् ।

**१९.कार्यविधिको व्याख्याः** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

**२०. प्रचलित कानूनसंग वाझिएमा :** यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसंग वाझिएको खण्डमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची– १

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**राजस्व प्रक्षेपणका लागि अवलम्बन गरिने विधि**

१ तथ्याङ्कीय आधारः करदाता संख्या X करको औसत दर X दायरामा ल्याउन सकिने प्रतिशत।

२. विगतको आय वृद्धिको प्रवृत्तिः औषत वार्षिक वृद्धिदर निकाली अन्तिम वर्षको अनुमानित आयमा सोही प्रतिशतको आधारमा वृद्धि गर्दै जाने।

३. विनियोजन तथा त्यसपछि एकमुष्ट (Lum Sum) वृद्धि दरः सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा अन्य निकायबाट प्राप्त हुने अनुमानित रकममा वार्षिक १० प्रतिशतका दरले वृद्धि गर्दै जाने।

४. सम्झौताको आधारः ऋण तथा अन्य आयको सम्झौता भएमा सोही सम्झौताको आधारमा आयको प्रक्षेपण गर्ने

५. अनुमानको आधारमा प्रक्षेपणः विल्कुलै नयाँ आयका स्रोतहरू भई आय अनुमानका लागि कुनै आधार उपलब्ध नभएको अवस्था प्रयोग गर्ने।

६. शून्य प्रक्षेपणः आयको कुनै सम्भावना नभएका शिर्षकहरूमा प्रयोग गर्ने।

अनुसूची- २

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

## एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या अनुसार राजस्व तथा अनुदान प्राप्तिको अनुमान

### क) राजस्व तथा अनुदान प्राप्तिको अनुमान

| राजश्व संकेत | राजस्व शिर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को अनुमान | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान |
|---|---|---|---|---|---|
| **१००००** | **राजस्व तथा अनुदान** | | | | |
| **११०००** | **कर** | | | | |
| **११३००** | **सम्पत्ती कर** | | | | |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | | | | |
| ११३१३ | *सम्पत्ति कर* | | | | |
| ११३१४ | भूमी कर/मालपोत | | | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | | |
| ११३२१ | घर बहाल कर | | | | |
| ११३२२ | बहाल विटौरी कर | | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | | |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | | | | |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | | | | |
| **११४२०** | **अन्तःशुल्क** | | | | |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | | |
| ११४५१ | सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा, इरिक्सा) | | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | | | |
| **११४७०** | **मनोरंजन तथा विज्ञापन कर** | | | | |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | | | |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | | | | |
| **११६००** | **अन्य कर** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी र जिवजन्तु कर) | | | | |
| **११६९०** | **अन्य कर** | | | | |
| ११६९१ | अन्य कर | | | | |
| **१३०००** | **अनुदान** | | | | |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | | | | |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | | | | |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | | |
| **१३१२०** | **द्विपक्षीय वैदेशिक पूजीगत अनुदान** | | | | |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुजीगत अनुदान | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | | |
| १३२११ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान | | | | |
| १३२१२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त चालु अनुदान | | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | | |
| १३२२१ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| १३२२२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| **१३२३०** | **अन्य वैदेशिक चालु अनुदान** | | | | |
| १३२३१ | अन्य वैदेशिक चालु अनुदान | | | | |
| **१३२४०** | **अन्य वैदेशिक पूँजीगत अनुदान** | | | | |
| १३२४१ | अन्य वैदेशिक पूँजीगत अनुदान | | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | | | | |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | | | | |
| १३३११ | समानीकरण अनुदान | | | | |
| १३३१२ | शसर्त अनुदान चालु | | | | |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | | |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३१८ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा)* | | | | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | |
| **१३४००** | **अन्य आन्तरिक अनुदान** | | | | |
| **१३४१०** | **अन्य आन्तरिक अनुदान** | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान *(सडक बोर्ड नेपाल)* | | | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान *(लागत सहभागिता)* | | | | |
| **१४०००** | **अन्य राजश्व** | | | | |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | | |
| **१४११०** | **व्याज** | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | |
| **१४१२०** | **लाभांश** | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | | | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | | | | |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | | |
| १४१५५ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | | | | |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | | | | |
| १४१५७ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | | | | |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | | | |
| **१४१९०** | **अन्य शुल्क** | | | | |
| १४१९१ | पर्यटन शुल्क | | | | |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | | | | |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | | | | |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (राजपत्र, पुस्तक, नक्सा आदि) | | | | |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | |
| १४२१८ | विद्युत् सेवा शुल्क | | | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (पार्क, एम्बुलेन्स आदि तथा बालुवा, माटो, काठ बिक्री समेत) | | | | |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | | | | |
| १४२२१ | न्यायिक दस्तुर | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (बोलपत्र, फाराम विक्री) | | | | |
| **१४२४०** | **दस्तुर** | | | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | |
| १४२४२ | नक्सापास दस्तुर | | | | |
| १४२४३ | सिफारिश दस्तुर (प्रमाणित समेत) | | | | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | | | |
| **१४२५०** | **अन्य प्रशासनिक दस्तुर** | | | | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | |
| १४२५४ | रेडियो/एफ.एम. संचालन दस्तुर | | | | |
| **१४२६०** | **अन्य प्रशासनिक सेवा शुल्क** | | | | |
| १४२६२ | विद्युत् सम्बन्धी दस्तुर | | | | |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर *(पानी बिक्री)* | | | | |
| १४२६५ | अन्य क्षेत्रको आय (सामुदायीक वन पैदावर बिक्री बाट) | | | | |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | | | | |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | |
| १४३१३ | धरौटी सदरस्याहा | | | | |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | | | | |
| **१४४१०** | **चालु हस्तान्तरण** | | | | |
| १४४११ | चालु हस्तान्तरण | | | | |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | | | | |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **१४५००** | **विविध राजश्व** | | | | |
| **१४५१०** | **चालु दावी तथा अन्य शुल्कहरु** | | | | |
| १४५११ | वीमा दावी प्राप्ती | | | | |
| **१४५२०** | **अन्य राजस्व** | | | | |
| १४५२९ | अन्य राजस्व | | | | |
| **१४५३०** | **पूँजीगत राजश्व** | | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | | |
| **१४६१०** | **व्यवसाय कर** | | | | |
| १४६११ | व्यवसाय कर | | | | |
| **१५०००** | **विविध प्राप्ती** | | | | |
| **१५१००** | **विविध प्राप्ती** | | | | |
| **१५११०** | **विविध प्राप्ती** | | | | |
| १५१११ | बेरुजु | | | | |
| १५११२ | निकासा फिर्ता | | | | |
| १५११३ | अनुदान फिर्ता | | | | |

*नोटः अनुसूची ३ को खण्ड (ङ) र (च) को तथ्याङ्कको आधारमा तयार हुने।*

अनुसूची ३

(दिग्दर्शनको दफा ५.२.१ संग सम्वन्धित)

भगवतीमाई गाउँपालिका

# राजस्व परामर्श समितिको प्रतिवेदन, ……….

**(क) पृष्ठभूमि**

**(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण**

**(ग) राजस्वनीतिहरु**

**(घ) करका आधारहरु**

**(ङ) आगामीआ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर**

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) आगामीआ.व.को लागिअनुमानित कर तथा गैर कर राजस्व रकम**

| सि.नं. | राजस्वको क्षेत्रहरु | गतआ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधितअनुमान | आगामीआ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(छ) निष्कर्ष तथा सुझावहरु**

(………………..)

**संयोजक** …………….

**सदस्य** ……………..

**सदस्य** ………………

**राजस्व परामर्श समिति**

**भगवतीमाई गाउँपालिका, दैलेख**